दर्ता नं. १७३९९२/०७४/०७५
प्यान नं. ६०३५५९२००

# थ्रीस्टार हाइड्रोपावर लि.
# Three Star Hydropower Ltd.
मध्यपुर ठिमी न.पा.-३, भक्तपुर

च. नं. : ०८३/०८४/०२८

मिति : २०८३/०६/०४

श्री नेपाल स्टक एक्स्चेन्ज लिमिटेड
युएनआई शान्ती मार्ग, भद्रकाली, काठमाण्डौं ।

**विषय : जानकारी गराएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त विषयको सम्बन्धमा यस थ्रीस्टार हाइड्रोपावर लिमिटेडको मिति २०८३/०६/०२ गते अपरान्ह ३:३० बजे बसेको सञ्चालक समितिको बैठकले कम्पनीको नवौं, दशौं र एघारौं वार्षिक साधारण सभा तथा सञ्चालक निर्वाचन मिति २०८३/०६/२७ गते मंगलबार (तदनुसार अक्टोबर १३, २०२६) विहान १०:०० बजे स्टार दरबार प्रा.लि. शंखपार्क, काठमाडौंमा गर्ने निर्णय भएको र उक्त वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८३।०६।१५ गते बिहीबार एक दिन Book Close मिति तोक्ने निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु ।

कम्पनीको नवौं, दशौं र एघारौं वार्षिक साधारण सभा तथा सञ्चालक निर्वाचन सम्बन्धी सूचना मिति २०८३/०६/०३ गते को नागरिक दैनिक पत्रिकामा प्रकाशित गरिएको व्यहोरा संलग्न सुचना सहित जानकारी गराइन्छ ।

भवदीय,

.................................
संदीप अधिकारी
प्रमुख कार्यकारी अधिकृत

**बोधार्थ :**

१) विद्युत नियमन आयोग, सानो गौचरण, काठमाडौं ।
२) श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
३) श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
४) श्री सि.डि.एस.सि. एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलिसडक, काठमाडौं ।
५) श्री हिमालयन क्यापिटल लिमिटेड, एचबिएल कर्पोरेट बिल्डिङ्गस, कमलादी, काठमाडौं ।

**थ्रीस्टार हाइड्रोपावर लि.**
**Three Star Hydropower Ltd.**

रजिष्टर्ड कार्यालय, भक्तपुर
फोन नं., ९८५१४२४६६०

## नवौं, दशौं र एघारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३/०६/०३ गते)

**श्री आदरणीय शेयरधनी महानुभावहरू,**

यस कम्पनीको मिति २०८३/०६/०२ गते शुक्रबार दिउँसो ३:३० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार आ.व. २०८०/०८१, २०८१/०८२ र २०८२/०८३ अर्थात नवौं, दशौं र एघारौं वार्षिक साधारण सभा तथा सञ्चालकको निर्वाचन निम्न मिति, स्थान र समयमा गर्ने भएको हुँदा उक्त वार्षिक साधारण सभामा भाग लिन, प्रस्तावित निम्न लिखित विषयमा छलफल र मतदान गर्नको लागि शेयरधनी स्वयं उपस्थित हुन वा प्रतिनिधी मुकरर गरी पठाइदिनुहुन सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय :**

**मिति :** २०८३/०६/२७ गते मंगलबार (तदनुसार अक्टोबर १३, २०२६)
**स्थान :** स्मार्ट दरवार प्रा.लि., शंखपार्क काठमाण्डौं ।
**समय :** विहान १०:०० बजे ।

**छलफलका लागि प्रस्तावित विषय:**

**(क) सामान्य प्रस्तावहरू:**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०८०/०८१, २०८१/०८२ र २०८२/०८३ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८०/०८१, २०८१/०८२ र २०८२/०८३ को लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरि पारित गर्ने सम्बन्धमा ।
(३) आ.व. २०८१/०८२ र २०८२/०८३ लेखापरीक्षकको नियुक्ति र सोको पारीश्रमिक अनुमोदन गर्ने सम्बन्धमा ।
(४) आ.व. २०८३/०८४ को लागि लेखापरीक्षण कार्य गर्न लेखापरीक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
(५) सञ्चालक समिति गठन गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरू:**

(१) कम्पनीको ठेगाना परिवर्तन गर्ने सम्बन्धमा ।
(२) कम्पनीको पूँजी संरचना परिवर्तन गर्ने सम्बन्धमा ।
(३) हकप्रद शेयर खरिद गर्ने सम्बन्धी हक हस्तान्तरण गर्ने सम्बन्धमा ।
(४) कम्पनीको प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा ।
(५) एक शेयर वरावर एकको अनुपातमा हकप्रद शेयर जारी गर्ने सम्बन्धमा ।
(६) प्रस्तावित संसोधन सम्बन्धमा नियमनकारी निकायहरुबाट कुनै फेरबदल वा सुझाव वा निर्देशन प्राप्त भएमा सोको कार्यान्वयन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**(ग) विविध ।**

**(घ) एक महिला सहित ३ जना सञ्चालकको निर्वाचन गर्ने सम्बन्धमा ।**

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

**साधारण सभा सम्बन्धी अन्य जानकारी :**

१) सभामा उपस्थित हुने शेयरधनी महानुभावहरूले आ-आफ्नो D-MAT खाताको विवरण वा शेयरधनी प्रमाण पत्रको प्रतिलिपिको साथमा स्पष्ट परिचय खुल्ने परिचयपत्र अनिवार्य रुपमा लिई आउनुहुन अनुरोध गरिन्छ । शेयरधनी बाहेकको व्यक्ति वा समूहलाई सभा हलमा प्रवेश गर्न दिइने छैन ।
२) कम्पनीको शेयर दाखिल खारेज गर्ने कार्य (Book Close) मिति २०८३/०६/१५ गते बिहीबार एक दिन बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०८३/०६/१४ गतेसम्म कारोबार भई प्रचलित कानून बमोजिम यस कम्पनीको शेयर रजिष्ट्रार श्री हिमालयन क्यापिटल लि. एचबिएल कर्पोरेट बिल्डिङ्ग, कमलादी, काठमाडौंबाट प्राप्त शेयर दाखिल खारेजको आधारमा शेयरधनी दर्ता किताबमा कायम रहेका शेयरधनीहरूले मात्र यस सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् ।
३) कम्पनीको नवौं, दशौं र एघारौं वार्षिक साधारण सभा तथा सञ्चालकको निर्वाचन प्रयोजनका लागि सभामा भाग लिन प्रतिनिधि (प्रोक्सि) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले सभा शुरु हुने समय भन्दा ४८ घण्टा अगाडी कम्पनीको रजिष्टर्ड कार्यालयमा प्रतिनिधी पत्र दर्ता गराउनु पर्नेछ । प्रतिनिधी भएको व्यक्ति शेयरधनी हुनु पर्नेछ । तर सभामा प्रतिनिधि दिने व्यक्ति स्वयं आफू उपस्थित भएको खण्डमा प्रतिनिधि पत्र स्वत: बदर हुनेछ । एक शेयरधनीको एकभन्दा बढी प्रतिनिधि पत्रलाई मान्यता दिइने छैन, सबै बदर गरिनेछन् । प्रतिनिधि नियुक्त गर्ने फारम कम्पनीको रजिष्टर्ड कार्यालय वा वेबसाइट https://www.threestarhydro.com बाट प्राप्त गर्न सकिनेछ । तोकिएको मितिमा दर्ता भएका प्रोक्सी सभा सम्पन्न नभएसम्मका लागि कायम रहनेछन् ।
४) संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न सक्नेछ । संयुक्त रुपमा शेयर लिएको शेयरधनीको हकमा सर्वसम्मत एक व्यक्ति मात्र सभामा भाग लिन पाउनेछ ।
५) सञ्चालकको निर्वाचन सम्बन्धी निर्देशिका, कार्यक्रम तथा कार्यतालिका निर्वाचन हुने मितिभन्दा ७ (सात) दिन अघि कम्पनीको सूचना पाटीमा टाँस गरी कम्पनीको वेबसाइट https://www.threestarhydro.com मा समेत राखिनेछ ।
६) कम्पनीले स्वीकृत गरेको सञ्चालक निर्वाचन निर्देशिका बमोजिम सञ्चालको निर्वाचन सम्पन्न हुनेछ । सञ्चालक हुनको लागि उम्मेदवारी दिन इच्छुक शेयरधनीले सञ्चालकको निर्वाचन सम्बन्धी निर्देशिका माग गरेमा निर्वाचन अधिकृतको कार्यालयबाट उपलब्ध गराउन सकिनेछ ।
७) वार्षिक साधारण सभा हुने मिति भन्दा कम्तिमा ७ (सात) दिन अघि निर्वाचन अधिकृतको कार्यालय तोकिने छ । सञ्चालकको निर्वाचन सम्बन्धी जानकारीका लागि निर्वाचन अधिकृतको कार्यालयमा सम्पर्क राख्न हुन जानकारी गराइन्छ ।
८) साधारणसभामा भाग लिन आउनु हुने शेयरधनीहरूको हस्ताक्षरको लागि उपस्थिति पुस्तिका बिहान ९:०० बजेबाट खुल्ला गरिनेछ ।
९) विविध शीर्षकमा छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगाडि छलफलको विषय सहितको निवेदन कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराएको हुनुपर्नेछ । उक्त प्रस्ताव उपर सभामा छलफल गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिमा निहित रहने छ ।

**नोट:** कम्पनीको वार्षिक साधारण सभाको सूचना, वार्षिक प्रतिवेदन, वित्तीय विवरण आदि शेयरधनी महानुभावहरुलाई यथा समयमा उपलब्ध गराइनेछ । सो हुन नसकेको खण्डमा कम्पनीको वेबसाइट https://www.threestarhydro.com वा रजिष्टर्ड कार्यालयको मोवाइल नं. ९८५१४२४६६० मा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।

थ्रीस्टार हाइड्रोपावर लि. २०७२ भक्तपुर ठिमी-३